# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission, Nepal**

केन्द्रिय कार्यालय Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

राष्ट्रिय मानव अधिकार आयोगको मिति २०७९/३/२ गते बिहिबार बसेको बैठकबाट देहाय बमोजिम हुनेगरी ८ ओटा उजुर उपर निर्णय भयो ।

| क्र. सं. | उजुरीको संक्षिप्त व्यहोरा | घटना मिति र उजूरी नं. | उजूरीको विषय | आयोगको निर्णय | कैफियत |
|---|---|---|---|---|---|
| १ | दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका वडा नं ९, खोटाङ बस्ने दिलकाजी कार्की र ईन्दिरा कार्कीलाई मिति २०५९।३।३१ गते खोटाङ जिल्ला सिम्पानी गा.वि.स स्थित हरिबहादुर थापाको घरमा सुतिरहेको अवस्थामा तत्कालिन शाही नेपाली सेनाले पक्राउ गरी टुवाखोलामा लगि हत्या गरेकाले पीडकलाई कारवाही र पीडित परिवारलाई क्षतिपूर्तिको लागि पहल गरिपाउँ भन्ने समेत व्यहोराको उजुरी । | २०६४।३।३२ ४५ | सेनाद्धारा हत्या | नियम १२ बमोजिमको प्रकृया पुरा गरी पुनः पेश । | |
| २ | कोहलपुर न.पा १५ बाँके बस्ने दीपक यादवलाई मिति २०७६।९।१६ गतेका जिल्ला प्रहरी कार्यालयमा यातना दिएकाले पीडकलाई कारवाही र पीडितलाई क्षतिपूर्ति सहित न्याय दिलाई पाउँ भन्ने उजुरीका सम्बन्धमा आयोगबाट मिति २०७८।५।१० मा निर्णय हुँदा पीडितलाई क्षतिपूर्ति स्वरुप रु ७५०००।- र जिल्ला प्रहरी कार्यालय बाँकेका तत्कालिन प्रमूख सहित २ जना प्रहरी कर्मचारीलाई कारवाही गरिको लागि सिफारिश | २०७६।९।२५ २२३७ | यातना | निवेदन माग बमोजिम पुनरावलोकन नगरी पुर्व निर्णय यथावत राख्ने । | |

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org

# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission, Nepal**

केन्द्रिय कार्यालय Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


| | | | | | |
|---|---|---|---|---|---|
| | भएकोमा सो सिफारिश कार्यान्वयनमा समस्या भएकाले राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को दफा १७(३) बमोजिम निर्णयमा पुनः विचार तथा पुनरावलोकन गरी पाउँ भनी गृह मन्त्रालय मार्फत जिल्ला प्रहरी कार्यालय बाँकेबाट प्राप्त निवेदनका सम्बन्धमा । | | | | |
| ३ | राप्ती गाउँपालिका वडा नं ६ बस्ने पुनाराम चौधरीको तत्कालिन समयमा ने.क.पा. माओवादीहरुद्धारा धान कब्जा तथा धम्की दिएकाले मानव अधिकारको संरक्षण गरिपाउँ भन्ने समेत व्यहाराको उजुरी । | २०६३।९।३ ११४७ | सम्पत्ती कब्जा तथा धम्की | तामेली | |
| ४ | दाङ जिल्ला त्रिभुवन नगरपालिका वडा नं. १० हाल घोराही उपमहानगरपालिका वडा नं. १४ बस्ने जित बहादुर घर्तीलाई मिति २०५८।८।११ गते ऐ.ऐ ठाउँमा किराना पसल गरि बसिरहेको स्थानबाट तत्कालिन शाही नेपाली सेनाले पक्राउ गरि हालसम्म बेपत्ता पारेकोले नीजहरुको स्थिति सार्वजनिक गरीपाउँ भन्ने समेत व्यहोराको उजुरी | २०५८।८।११ १०९२ | बेपत्ता | पीडितलाई बेपत्ता पार्ने कार्यमा संलग्न दोषी सैनिकहरुको पहिचान गरी कानून बमोजिम कारवाही गर्न नेपाल सरकारलाई सिफारिस गर्ने । | |
| ५ | जिल्ला दाङ दङ्गीशरण गा.पा वडा नं. ४ महुली निवासी राहुल | २०६०।१२।१९ ७८६ | बेपत्ता | पीडितलाई बेपत्ता पार्ने कार्यमा संलग्न दोषी | |

का. मु. सचिव


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org

| | | | | | |
|---|---|---|---|---|---|
| | डाँगीलाई द्वन्द्वकालीन समयमा सुर्खेत शिक्षा क्याम्पसमा अध्ययनरत दाजुलाई भेट्न मिति २०६०।१२।१९ गते सुर्खेत गएको अवस्थामा सुर्खेत बजार घण्टाघर नजिकैबाट सुरक्षाफौजको टोलीले गिरफ्तार गरी बेपत्ता बनाएकोले नीजको खोजतलास गरी सकुशल रिहाइका साथै कानूनबमोजिम क्षतिपूर्ति तथा दोषीलाई कारवाही गरीपाउँ भन्ने समेत व्यहोराको उजुरी | | | सुरक्षाकर्मीको पहिचान गरी कानून बमोजिम कारवाही गर्न नेपाल सरकारलाई सिफारिस गर्ने । | |
| ६ | बर्दिया जिल्ला ठाकुरबाबा नगरपालिका वडा नं.७, बस्ने खुसीराम थारुलाई मिति २०५९।३।३२ गते खेतमा जोत्दा जोत्दैको अवस्थामा सुरक्षाकर्मीले पक्राउ गरी यातना दिएकोले दोषीलाई कारवाही, औषधी उपचारको रकमका साथै क्षतिपूर्ति पाउँ भन्ने समेत व्यहोराको उजुरी | २०५९।३।३२ १२१३ | यातना | यातना दिने कार्यमा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी कानून बमोजिम कारवाही गर्न र पीडितलाई क्षतिपूर्ति स्वरुप रु.१,००,०००/- उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने । | |
| ७ | जिल्ला दाङ तुलसीपुर उपमहानगरपालिका वडा नं. १५ साविक डुरुवा गा.वि.स वडा ५ निवासी सोमराज चौधरीलाई द्वन्द्वकालिन समयमा मिति २०५९/५/२१ गते ऐ.ऐ ठाउँको चौवाखोलामा गोरु चराउन गएको अवस्थामा गस्तीमा आएको सुरक्षाफौजको टोलीले गिरफ्तार गरी हालसम्म बेपत्ता पारेकोले खोजतलास गरी स्थिति सार्वजनिक | २०५९।५।२१ ७२५ | बेपत्ता | पीडितलाई बेपत्ता पार्ने कार्यमा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी कानून बमोजिम कारवाही गर्न नेपाल सरकारलाई सिफारिस गर्ने । | |

का.मु. सचिव

# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission, Nepal**

केन्द्रिय कार्यालय Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal


| | | | | | |
|---|---|---|---|---|---|
| | गरीपाउँ भन्ने समेत व्यहोराको उजुर | | | | |
| ८ | जिल्ला बाँके नेपालगञ्ज उपमहानगरपालिका वडा नं. १ बस्ने विनोद कुर्मीलाई मिति २०६४/६/१४ र १५ गते तत्कालिन नेकपा माओवादी पार्टीका कार्यकर्ता वाईसियलले घरजग्गा उनीहरुको नाममा गराउन दबाब दिई नदिएमा ज्यान मार्ने धम्की दिएकाले जीउ ज्यानको सुरक्षा गरीपाउँ भन्ने समेत व्यहोराको उजूरी | २०६४।६।१४ र १५ १५८६ | धम्की | तामेली । | |

का. मु. सचिव


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org